# भाग ५

## नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको

## सूचना १

नेपाल सरकारले उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ४१ को उपदफा (२) बमोजिम काठमाडौं उपत्यका मुकाम रहने गरी काठमाडौं, ललितपुर र भक्तपुर जिल्ला भित्रका सोही दफाको उपदफा (१) बमोजिमका मुद्दाको कारबाही तथा किनारा गर्ने क्षेत्राधिकार सहित सोही दफाको उपदफा (१) र (३) बमोजिम देहायका अध्यक्ष तथा सदस्य रहने गरी उपभोक्ता अदालत गठन गर्ने र सो अदालत विश्व उपभोक्ता अधिकार दिवस (मार्च १५) अर्थात मिति २०८१/१२/२ देखि सञ्चालन गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

| | | |
|---|---|---|
| (क) | काठमाडौं जिल्ला अदालतका माननीय जिल्ला न्यायाधीश श्री रामप्रसाद शर्मा | -अध्यक्ष |
| (ख) | नेपाल न्याय सेवा, न्याय समूहका राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृत श्री गेहेन्द्रराज रेग्मी | -सदस्य |
| (ग) | नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूहका राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृत श्री आनन्दराज पोखरेल | -सदस्य |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# सूचना २

नेपाल सरकारले बाल अदालत गठन गर्ने सम्बन्धमा देहाय बमोजिमको निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

(क) बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३० बमोजिम काठमाडौं, ललितपुर, भक्तपुर र काभ्रेपलाञ्चोक जिल्ला अदालतको बाल इजलासबाट हेरिने मुद्दाको प्रादेशिक क्षेत्राधिकार रहने गरी भक्तपुर जिल्लामा बाल अदालत, भक्तपुर गठन गर्ने र सो बाल अदालत संवत् २०८२ वैशाख २ गते देखि सञ्चालन गर्ने,

(ख) काठमाडौं, ललितपुर, भक्तपुर र काभ्रेपलाञ्चोक जिल्ला अदालतको बाल इजलासमा दायर भई छिन्न बाँकी रहेका बालबालिकाले गरेको कसूरजन्य कार्यसम्बन्धी मुद्दा बाल अदालत, भक्तपुरमा सार्ने,

(ग) काठमाडौं, ललितपुर, भक्तपुर र काभ्रेपलाञ्चोक जिल्ला अदालतको बाल इजलासबाट कारबाही र किनारा भइसकेको बालबालिकाले गरेको कसूरजन्य कार्यसम्बन्धी मुद्दा, ती मुद्दासँग सम्बन्धित मिसिल, प्रमाण तथा अन्य अभिलेखहरू बाल अदालत, भक्तपुरमा सार्ने ।

**आज्ञाले,**
**कोमल बहादुर खत्री**
**नेपाल सरकारको निमित्त सचिव।**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।-**
**गो.हु.द.नं. १६।२०६२।६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।